
# सुसमाचार कथा पुस्तक
## दुई






यो मेरो सुसमाचार कथा पुस्तक दुई हो

मेरो नाम ______________________________ हो

मेरो सुसमाचार कथा पुस्तक दुई  म पढ्न सक्छु

यी कथाहरू सृष्टिकर्ता परमेश्वरका पवित्र पुस्तकबाट लिएका हुन्।

यस कथा पुस्तकमा भएका सबै चित्रहरू भारतका आदिवासी बालकहरूले बनाएका हुन्।
सुसमाचार कथा पुस्तक दुई। सर्वाधिकार 2016 । भारतमा मुद्रित।
जानकारीको निम्ति सम्पर्क गर्नुहोस्: WBTC India, P.O. Box 8478, Bangalore 560084.
Email: info@wbtcindia.com





एउटा ठूलो, ठूलो, ठूलो आँधी........................ 2-15
एउटा विशेष उपहार.................................... 16-32

# एउटा ठूलो, ठूलो, ठूलो आँधी

हाम्रा पुर्खाहरूको समयमा...

म धेरै मानिसहरू देख्न सक्छु।

धेरै मानिसहरूले सृष्टिकर्ता
परमेश्वरलाई चिनेका छैनन्।







म एउटा मानिसलाई देख्न सक्छु।
उसको नाम नोआ हो।

नोआ सृष्टिकर्ता परमेश्वरको निम्ति
गाइरहेका छन्।

सृष्टिकर्ता परमेश्वरले यसो भनिरहनु भएको म सुन्न सक्छु,

'नोआ, एउटा ठूलो, ठूलो, ठूलो नाउ बनाऊ।

चाँड़ो गर, एउटा ठूलो आँधी आँउदैछ।







म तिमीलाई, तिम्रो परिवार अनि सबै पशुहरूलाई बचाउनेछु।

चाँड़ो गर, एउटा ठूलो आँधी आँउदैछ।'

नोआले बनाइरहेको...बनाइरहेको...
बनाइरहेको म देख्न सक्छु।

चाँड़ो गर, एउटा ठूलो आँधी आँउदैछ।







सृष्टिकर्ता परमेश्वरले यसो भनिरहनु
भएको म सुन्न सक्छु,

‘नोआ, तिमी, तिम्रो परिवार अनि सबै
पशुहरू ठूलो, ठूलो, ठूलो नाउभित्र जाऊ।

चाँड़ो गर, एउटा ठूलो आँधी आँउदैछ।’



नोआ, उनको परिवार अनि सबै
पशुहरू ठूलो, ठूलो, ठूलो नाउभित्र
गइरहेको म देख्न सक्छु।







पानी माथि...माथि...माथि
आइरहेको छ।

भूमिमा जलप्रलय...जलप्रलय...
जलप्रलय आइरहेको छ।

ठूलो, ठूलो, ठूलो नाउभित्र नोआ,
उनको परिवार अनि सबै पशुहरू
विश्राम गरिरहेका...विश्राम गरिरहेका...
विश्राम गरिरहेका छन्।








ठूलो आँधी रोकीरहेको...रोकीरहेको...
रोकीरहेको छ।

पानी तल...तल...तल
घटिरहेको छ।




सृष्टिकर्ता परमेश्वरले यसो भनिरहनु भएको म सुन्न सक्छु,

‘नोआ, तिमी, तिम्रो परिवार अनि सबै पशुहरू ठूलो, ठूलो, ठूलो नाउबाट बाहिर निक्लेर आऊ।’







नोआ, उनको परिवार अनि सबै पशुहरू ठूलो, ठूलो, ठूलो नाउबाट बाहिर निस्किरहेको म देख्न सक्छु।

आकाशमा एउटा रंगीन पट्टी
चम्किरहेको...चम्किरहेको...
चम्किरहेको म देख्न सक्छु।







सृष्टिकर्ता परमेश्वरले यसो भनिरहनु
भएको म सुन्न सक्छु,

'म तिमीहरूलाई बचाउनेछु।
तिमीहरूले मलाई भेट्टाउनेछौ।'


सृष्टिकर्ता परमेश्वर आउँदै हुनुहुन्छ।

# एउटा विशेष उपहार

धेरै वर्षहरू बिते...

म एउटा मानिसलाई देख्न सक्छु।

उनको नाम अब्राहाम हो।









सृष्टिकर्ता परमेश्वरले यसो भनिरहनु भएको म सुन्न सक्छु,

'अब्राहाम, तिम्रो सन्तानद्वारा
म धेरै मानिसहरूलाई बचाउनेछु।'

म देख्न सक्छु अब्राहामको एउटी पत्नी छिन्।

उनको नाम सारा हो।

अब्राहाम र साराको कुनै सन्तान थिएन।








अब्राहामले यसो भन्दै गरेको म सुन्न सक्छु,

‘सृष्टिकर्ता परमेश्वरले जे पनि गर्न सक्नुहुन्छ।’

साराले बिर्सिरहेकी...बिर्सिरहेकी...
बिर्सिरहेकी छिन्।

अब्राहामले भनिरहेका छन्,

‘सृष्टिकर्ता परमेश्वरले जे पनि
गर्न सक्नुहुन्छ।’







धेरै वर्षहरू बिते।

सृष्टिकर्ता परमेश्वरले जे पनि
गर्न सक्नुहुन्छ।

अब्राहाम र उनको पत्नी सारालाई
म देख्न सक्छु।

उनीहरूको एउटा छोरो छ।

उसको नाम इसहाक हो।

अब्राहाम, सारा र इसहाक गाईरहेका...
गाईरहेका...गाईरहेका छन्।








सृष्टिकर्ता परमेश्वरले यसो भनिरहनु
भएको म सुन्न सक्छु,


‘अब्राहाम, तेरो छोरो इसहाक
मलाइ बलिदान गर्।’

अब्राहामले उनको छोरो इसहाकलाई प्रेम गर्थे।

इसहाकले उनको पिता अब्राहामलाई प्रेम गर्थे।





उनीहरू एकसाथ पहाड़ माथि...
माथि...माथि चढ़िरहेका छन्।

इसहाकले यसो भनिरहेको
म सुन्न सक्छु,

'बुबा, सृष्टिकर्ता परमेश्वरलाई चढाउने बलिदानको थुमाचाहिँ खोई?'







अब्राहामले यसो भन्दै गरेको
म सुन्न सक्छु,

'बलिको थुमा सृष्टिकर्ता परमेश्वरले नै जुटाउनु हुनेछ।'

अब्राहामले भनिरहेका छन्,

‘सृष्टिकर्ता परमेश्वरले जे पनि गर्न सक्नुहुन्छ।’






इसहाक बेदीमा चढ़िरहेको म देख्न सक्छु।

अब्राहमले छुरी उठाइरहेको म देख्न सक्छु।



अब्राहामले भनिरहेका छन्,

‘सृष्टिकर्ता परमेश्वरले जे पनि
गर्न सक्नुहुन्छ।’







सृष्टिकर्ता परमेश्वरले यसो भनिरहनु
भएको म सुन्न सक्छु,

‘अब्राहाम, रोक्!

म इसहाक बाँचेको चाहन्छु!

मैले दिने थुमा बलिदान गर।’

सृष्टिकर्ता परमेश्वरले यसो भनिरहनु भएको म सुन्न सक्छु,

‘अब्राहाम, तिम्रो सन्तानद्वारा
म धेरै मानिसहरूलाई बचाउनेछु।’

सृष्टिकर्ता परमेश्वर आउँदै हुनुहुन्छ।

